# गाउँ सभाको बैठकमा उपाध्यक्ष श्री रेखा कुमारी यादव ज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७५।७६ को नीति, कार्यक्रम तथा बजेट

बरियारपट्टी गाउँपालिका
सिरहा, जिल्ला
प्रदेश नं. २
२०७५

**बरियारपट्टी  गाउँपालिकाको गरिमामय  गाउँसभाका अध्यक्षज्यू,**
**गाउँससभाका सदस्यहरु, सभाका सचिव लगायत कर्मचारी मित्रहरु,**
**उपस्थित सम्पूर्ण महानुभावहरु ।**

नेपालको संविधान, २०७२ ले सुनिश्चित गरेका सघींय शासन व्यवस्थाको मर्म अनुरुपको राजनीतिक, आर्थिक, सामाजिक तथा वित्तिय स्वायत्तता सहितको स्थानीय तहको शासन सञ्चालन गर्न यस बरियारपट्टी गाउँपालिका गाउँ कार्यपालिका तथा गाउँ सभाको गठन भएको छ । सार्वभौमसत्ता सम्पन्न यस गाउँपालिकाका जनताहरुबाट राज्य शक्तिको प्रयोग गर्ने वैधानिकता प्राप्त भएको यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म निकै हर्षीत भएको छु ।
संघीयता र स्थानीय सरकार मार्फत घरघरमा अधिकार स्थानिय तहमा सिंहदरबार, हाम्रो ठाउँ हामी आफैं बनाऔं जस्ता सिद्धान्तहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकारसम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ । हामिलाई यो अवस्था सम्म ल्याउने प्रमुख वैधानिक आधार नेपालको संविधान २०७२, निर्माण तथा कार्यान्वयनमा प्रत्यक्ष एवं परोक्ष ढंगले भूमिका खेल्नुहुने सबैलाई धन्यबाद दिन चाहन्छु ।

**सभा अध्यक्षज्यू**
अव म यस बरियारपट्टी गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. नेपालको संविधान जारी भएपछि मुलुक संघीयता कार्यान्वयन चरणको मध्यावधि समयमा आइपुग्दा बरियारपट्टी गाउँपालिकाको आर्थिक वर्ष २०७५\७६ को नीति, कार्यक्रम तथा बजेट  यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा बरियारपट्टी गाउँपालिका गौरवान्तित महसुस गरेको छ । यस अवसरमा बरियारपट्टी गाउँपालिकाकाले नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रका लागि नेपाली जनताले पटकपटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलन लगायतका आन्दोलनहरुको स्मरण गर्दै लोकतन्त्रको स्थापनार्थ शहीदहरुको त्याग र बलिदानलाई उच्च सम्मान गर्दछ ।

२. नेपालको संविधान जारी भएसँगै लोकतन्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, बहुलवाद, सामाजिक न्यायसहितको समानुपातिक, समावेशी प्रतिनिधिमुलक व्यवस्था, मौलिक अधिकार, नागरिक स्वतन्त्रता, धर्म निरपेक्षताजस्ता महत्वपुर्ण उपलब्धीहरु संस्थागत भएका छन् । संविधानले अंगिकार गरेको विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धताले नेपालीको स्वाभिमानलाई उँचो बनाईरहँदा यस बरियारपट्टी गाउँपालिकामा सबै प्रकारका भेदभावको अन्त्य गरी आर्थिक सम्वृद्धि, समानता र सामाजिक न्याय सुनिश्चित गर्ने आधारशीला खडा भएको छ ।

३. बरियारपट्टी गाउँपालिकाको स्थानिय सरकारले यस  गाउँपालिकाका सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने खालका योजना तर्जुमा गर्ने, स्थानिय योजना तर्जुमा साथै कार्यान्यवयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारीत

यस क्षेत्रको माटो सुहाउँदो कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको चरम गरिबी न्युनिकरण गर्ने प्रमुख नीति लिएको छ ।

४. बरियारपट्टी गाउँपालिकाको  क्षेत्रमा मुख्य र सहायक सडक सञ्जालको वर्गीकरणगरी प्राथमिकताका आधारमा न्यूनतम लेनको सडक सञ्जालको विकास , विस्तार र स्तरोन्नति गरिनेछ ।

५. कृषि क्षेत्रलाई स्थानीय उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । प्रमुख बालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नीति लिइनेछ । सिंचाई , मलखाद बीउबिजनको उपलब्धतामा जोड दिइनेछ । पशुजन्य उत्पादनका कार्यक्रमलाई प्रोत्साहन दिइनेछ । आर्थिक तथा सामाजिक रुपले पछि परेका कृष्क केन्द्रित कार्यत्रमहरुलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

६. स्वच्छ खानेपानीमा नागरिकको पहुच अभिवृद्धि गरिनेछ । प्राथमिकता प्राप्त खानेपानी आयोजना तथा कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ । खानेपानीको उत्पादन, वितरण तथा उपभोगमा स्थानीयबासी तथा खानेपानी उपभोक्ताहरुलाई जिम्मेवार बनाउदै लगिनेछ ।

७. वातावरण तथा जलवायुमैत्री पूर्वाधारको विकासमा जोड दिइनेछ ।

८. शिक्षा र स्वास्थ्य क्षेत्रमा हालसम्म भएको लगानीले स्वस्थ, शिक्षित र सभ्य नागरिक उत्पादन भएको उपलबधिलाई संस्थागत गरी गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको व्यवस्था मिलाइनेछ । शिक्षा तथा स्वास्थ्य क्षेत्रमा सञ्चालित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१०. लैंगिक समानता, महिला सशक्तिकरण, लैंगिक मुलप्रवाहिकरण र महिला सहभागिता वृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ ।

११. बरियारपट्टी गाउँपालिकाको सम्वृद्धिका लागि विज्ञान र प्रविधिको क्षेत्रबाट प्राप्त हुन सक्ने लाभ, अवसर र सम्भावनालाई खोजी गरी यस क्षेत्रमा संख्यात्मक र गुणात्मक विकास गरिनेछ ।

१२. पर्यटन क्षेत्रलाई अर्थतन्त्रको आधारको रुपमा विकास गरिनेछ ।  प्रमुख धार्मिक  स्थलहरुलाई आकर्षक गन्तव्यको पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न जोड दिइनेछ ।

१३. बैज्ञानिक वस्ती विकासमा जोड दिदै बजारोन्मुख वस्तीहरुको प्राकृतिक स्रोत, ऐतिहासिक, सामाजिक, सांस्कृतिक पहिचान र  आर्थिक सामर्थ्यको आधारमा गतिशील सहर निर्माणको राष्ट्रि रणनीतिलाई अवलम्बन गरिनेछ ।

१४.उज्यालो नेपाल अभियानलाई सार्थक तुल्याउन बैकल्पिक उर्जा विकासमा विशेष प्राथमिकता दिइनेछ ।

१५. बरियारपट्टी गाउँपालिकाको समृद्धिको लागि सार्वजनिक, नीजि र सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाइनेछ ।

१६. औद्योगिक क्षेत्रमा बाहिरी लगानी बढाउन आवशयक नीतिगत, कानूनी, प्रशासनिक तथा आर्थिक सुधारका प्रयासहरु अवलम्बन गरिनेछ ।

१७. सिंचित क्षेत्रको पहिचान गरि कृषि योग्य भूमिमा सिंचाइ सेवा उपलब्ध गराउन सिंचाइका सम्भाव्य सबै प्रविधि र प्रणालीको विकास एवं व्यवस्थापन गर्न आवश्यक कार्यक्रम तर्जमा गरी कार्यान्व्यन गरिनेछ ।

१८. बरियारपट्टी गाउँपालिकाका वितिय व्यवस्थापन क्षमता र जवाफदेहिता बढाइनेछ । राजनितिक नेतृत्व र कर्मचारीको क्षमता अभिवृद्धि  गरिनेछ । गाउँपालिका मातहतका संरचनाहरुमा आवश्यक पर्ने जनशक्तिको व्यवस्था गरिनेछ ।

१९. उत्पादनमुलक रोजगारीको अवसर सिर्जना गरी युवालाई रोजगार उपलब्ध गराउन कार्यक्रमहरुको तर्जूमा तथा कार्यान्वयन गरिनेछ । खेलकुद क्षेत्रको विकासका लागि नीति तर्जूमा गरि प्रभावकारी कार्यान्वयन गरिने छ ।

२०. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिबद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामुलक बनाउदै लगिनेछ ।

२१. नेपाल सरकारले हरेक गाउँपालिकामा १५ शैयाको अस्पताल बनाउने कार्यक्रम लिए अनुरुप यस गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माण गर्न पहल गरिनेछ । गाउँपालिकालाई पुर्ण खोपयुक्त, पुर्ण सरसफाईयुक्त बनाउनाका साथै वाल मृत्युदर तथा मातृमृत्युदर घटाउन महिला स्वयंसेविकाहरु तथा गाउँ स्वाथ्य कार्यकर्ताहरुको परिचालनमा प्रभावकारिता अभिवृद्धि गरिने छ । युवा युवतीहरुको लागि यौन तथा एच.आइ.भि. एड्स शिक्षा, सरुवा रोगहरुको नियन्त्रणका लागि प्रचारप्रसार लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।  आधारभूत स्वास्थ्य सेवाबाट बञ्चित हुन पुगेका नागरिकहरुको अवस्थालाई मध्यनजर गर्दै सेवा प्राप्त हुन नसकेको क्षेत्रमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराईनेछ

२२.  नवनिर्माण प्रक्रियामा प्रभावकारी सहभागिता एवं सहकार्य गरी पुन निर्माण प्रक्रियालाई तिब्रता दिईनेछ ।

२३. आजको युग सूचना र सञ्चारको युग हो । सूचना प्रविधिको  विकास विना समृद्धिको परिकल्पना गर्न सकिँदैन । सञ्चार क्षेत्रकोविकासका लागि प्रत्येक वडामा ईन्टरनेट सेवा विस्तार गर्नुका साथै नेपाल टेलिकम तथा अन्य सञ्चार सम्बद्ध संस्थाहरुसँग आवश्यक सहकार्य गरी यस क्षेत्रको सञ्चार सेवाको गुणस्तरमा सुधार गरिने छ ।

२४. यस क्षेत्रमा रहेका दलित, अल्पसंख्यक, अपांग, महिला लगायत लक्षित वर्गका लागि सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु ल्याइनेछ । लैगिक विभेदमार्फत महिलाको स्थान समाजमा पुरुषभन्दा न्युन छ, उनीहरुलाई समाजको मुल धारमा ल्याउने, घरको निर्णय प्रक्रियामा महत्वपुर्ण भुमिका खेल्ने, आफुले संविधान तथा कानुनबमोजिम पाउने हक अधिकारबारे जानकारी गराउने लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । अवको विकास अपांगमैत्री, वालमैत्री,

महिलामैत्री वनाउनेतर्फ नीति अङ्गिकार गरिनेछ । अपांगता भएका बालवालिकाको लागि विद्यालयमा छात्रवृत्ति दिने, अपांगहरुलाई सरकारले दिने गरेको सामाजिक सुरक्षावापतको रकम पाएनपाएको सम्बन्धमा खोजी गरी नपाएको खण्डमा पाउने व्यवस्था गरिनेछ । दलित समुदायलाई गरिँदै आएको सामाजिक विभेदको अन्त्य गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ साथै आदिवासी जनजाति, लोपोन्मुख समुदाय तथा अल्पसंख्यकहरुलाई समेत विकासको मुलधारमा ल्याउन पहल गरिनेछ ।

२५. मानव अधिकारको सम्मान एवं सम्बर्द्धन गर्दै मानव अधिकारको प्रत्याभुति गरिनेछ ।

### ३.५.२ क्षेत्रगत नीति तथा आधारहरु

### (क) आर्थिक क्षेत्र

**कृषि विकास सम्बन्धी**

१. गाउँपालिका तथा सरोकारबालाहरुको पहलमा १० वर्षे कृषि रणनीति तयार गरी गाउँपालिकास्तरमा कार्यक्रम संचालन एवं अनुगमण प्रणालीको व्यवस्थापनमा जोड दिइनेछ ।

२. आँपको गुणस्तर वृद्धि गर्न प्याकेजिङ तथा ग्रेडिङमा जोड दिइनेछ ।

३. जडिबुटिको व्यवसायिक खेतीको सम्भाव्यता अध्ययन गरी सोही अनुरुपका कार्यक्रम तथा योजनाहरुलाई विशेष प्रोत्साहन दिइनेछ ।

४. नेपाल सरकारले तय गरे अनुसार युवा लक्षित स्वरोजगार कार्यक्रम अन्तर्गत रोजगारी सिर्जना गर्न आँप, लिचि, कटहर, ऊखु र आलुलाई व्यवसायिकरण गर्न जोड दिइने.छ ।

५. लोपोन्मुख तथा मौलिक बाली र्सरक्षण, सम्बर्द्धन तथा पैबर्द्धन कार्यमा जोड दिने, यसका लागि ग्रामीण स्तरमा बीउ बैंक स्थापना गरिनेछ ।

६. उच्च मूल्य कृषि वस्तु बजारीकरणको लागि सहकारीतामा आधारित बिक्री वितरण प्रणाली लाई प्रोत्साहन गरिनेछ ।

७ .जलवायू परिवर्तनबाट कृषि क्षेत्रमा प्रभाव सम्बन्धी अध्ययन तथा अनुसन्धानमा जोड दिइनेछ ।

८. जैविक मल तथा विषादी उत्पादन गर्ने उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

९. गाउँ क्षेत्रका उर्वरा भुमिलाई सिंचित गर्न सिचाँइको लागि आवश्यक व्यवस्था गरिनेछ ।

१०. खेतबारीमा प्रयोग गर्ने रासायनिक मललाई निरुत्साहित गर्दै प्राराङगिक मल प्रयोगमा जोड दिइनेछ ।

**पशुपन्छी विकास सम्बन्धी**

१. आँप बगैचा भित्र उन्नत घाँस र गाई, भैसीबाट दूग्ध उत्पादनमा वृद्धि गर्ने साथै व्यवस्थित बजारीकरण गनर्छे ।

२. मौसमी कृत्रिम गर्भाधानलाई ग्रामीण क्षेत्रमा सामूदायिक पशु प्रजनन केन्द्रको सुरुवात र नश्ल सूधार कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।

३. चरण क्षेत्रको संरक्षणको लागि सरोकारबालाहरुसँग समन्वयात्मक कार्य गरिनेछ ।

४. व्यवसायिक पंक्षीपालनलाई प्रोत्साहन तथा प्राथमिकता दिइनेछ ।

५. बरियारपट्टी गाउँपालिकामा पशू सेवा सूनिश्चित गर्न निजी पाराईभेट र ग्रामीण स्वास्थ्य कार्यकार्ताहरु परिचालनमा गाउँपालिकाको संलग्नता बढाइनेछ ।

<u>नागरिकको आय आर्जन सम्बन्धी</u>

१. स्वरोजगार कार्यक्रमलाई प्रोत्साहन गरी स्थानीय उद्यभशीलतालाई जोड दिने कार्यक्रमहरुलाई मुख्य प्राथमिकतामा राखिनेछ ।

**(ख) सामाजिक क्षेत्र**

<u>शिक्षा तथा खेलकुद सम्बन्धी नीति</u>

१. योग्य र वरिष्ठ शिक्षकलाई नेतृत्व सुम्पिएर विद्यालय प्रशासन तथा व्यवस्थापनलाई चुस्त दूरुस्त बनाउन प्र.अ. मिलान यथाशक्य सुदृढिकरण गरिनेछ ।

२.शिक्षाको अवधारणलाई कार्यमुलक बनाउदै बालमैत्री शैक्षिक वातावरण कायम गर्न सम्बन्धित स्थानिय तह शैक्षिक सरोकारवालासँग संयूक्त योजनासहित सहकार्य र समन्वयको नीति लिइनेछ ।

३. स्वीकृति नलिई संचालन गरिएका सामुदायिक तथा संस्थागत र नीजि विद्यालयलाई निरुत्साहित र नियन्त्रण गर्दै कानुनी दायरामा ल्याइनेछ र संचालनमा ल्याईएका विद्यालयलाई जनसंख्या तथा नक्सांकनका आधारमा स्तरवृद्धि गरिनेछ । विधार्थी शिक्षक अनुपात र स्थानीय सन्दर्भलाई विश्लेषण गरी विधालयहरुलाई गाभ्न सकिनेछ ।

४. शिक्षा नियमाबलीका आधारमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, गाउँ शिक्षा समितिको गठन गरी शैक्षिक विकासका कार्यक्रमहरुको कार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

५. विद्यालयलाई प्रदान गरिने विभिन्न अनुदान रकमहरुलाई लक्षित वर्ग सम्म पूरयाउन आर्थिक पारदार्शीताको नीति अवलम्बन गरिनेछ  र विधालयको सामाजिक अनिवार्य र प्रभावकारी बनाई कार्यन्वयन गरिनेछ ।

६. सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको सहकार्य र समन्वयमा विधालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरुको पहिचान गरी उनीहरुलाई औपचारिक शिक्षाको मुल प्रवाहमा समेटन विभिन्न खालका सिर्जनात्मक र रचनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

७. बस्ती बस्तीमा निरक्षर जनसंख्याको पहिचान गरी अनौपचारिक शिक्षा संचालन गर्न पहल गरिनेछ ।

८. अनुमति प्रदान गरिएका विद्यालयहरुमा आवश्यक दरबन्दी प्रदान गर्न पहल गरिनेछ । शिक्षकहरुलाई प्रचलित शिक्षा ऐन, नियमावली तथा कार्यविधिको सारभुत प्रावधानको प्रतिकुल असर नपर्ने गरी बरियारपट्टी गाउँपालिकाका क्षेत्र भित्रका विद्यालयहरुमा आववश्यक्ता निर्धारण गरी विभिन्न विद्यालयहरुमा कामकाज खटाउन सक्नेछ ।

९. यस गाउँपालिका अन्तर्गतका विद्यालयहरुलाई गाउँपालिका स्तरीय खेलकुद तथा अतिरिक्त क्रियाकलाप संचालन गर्न गराउन प्राथमिकता तथा प्रोत्साहन दिइनेछ ।

१०. यस गाउँपालिकामा रहेका सबै विद्यालय तथा बाल विकास केन्द्रलाई स्तरवृद्धि गरी शिक्षकहरुलाई क्षमता विकासको लागि सरोकारवालासँग आवश्यक पहल गरिनेछ ।

११. यस गाउँपालिकामा गाउँस्तरीय पुस्तकालयको व्यवस्था गरिनेछ ।

## विज्ञान तथा प्रविधि सम्बन्धी नीति

१. विकास निर्माणका सम्पूर्ण गतिविधिहरु लाई रेडियो तथा पत्रपत्रिका मार्फत प्रचार प्रसार एवं जानकारी गराइनेछ ।

२. टेलिभिजन, टेलिफोन तथा ईन्टरनेट सेवाको पहूँच र गुणस्तर अभिवृद्धिका लागि आवश्यक पूर्वाधार निर्माण गर्न नेपाल टेलिकम , एनसेल र नेपाल टेलिभिजन लगायतका कम्पनीहरुमा विशेष पहल गरिनेछ ।

३. यस गाउँपालिकामा रहेका सबै विद्यालयहरुमा खेवकुद तथा विज्ञान प्रयोगशालाको व्यवस्था गरिनेछ ।

४. अभिलेख व्यवस्थापनमा नविनतम सुचना प्रविधिको प्रयोग गरिनेछ ।

## स्वास्थ्य तथा जनसंख्या सम्बन्धी नीति

१. जनतामा गुणस्तरीय स्वास्थ्य सेवाहरुको प्रत्याभुत गर्न यस गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने जनशक्ति व्यवस्थापन र परिचालनका लागि मानव संसाधन योजना तयार गरी कार्यान्वयन गर्न पहल गरिनेछ ।

२. यस गाउँपालिकालाई पूर्ण सरसफाई घोषणा गर्न यस गाउँपालिकाका सबै वडा र बस्तीहरुमा खानेपानी तथा शौचालयहरुको अनुगमन तथा निरिक्षण गरी आवश्यक व्यवस्थापन गर्न पहल गरिनेछ ।

३. यस बरियारपट्टी गाउँपालिकाका भित्र रहेका सबै स्वास्थ्य चौकीहरुको स्तरवृद्धि गरी स्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन पहल गरिनेछ । साथै आवश्यक स्थानमा प्राथमिक स्वास्थ्य केन्द्र र गाउँघर क्लिनिकहरु स्थापनाको लागि पहल गरिनेछ ।

४. यस गाउँपालिकामा रहेका महिला स्वास्थ्य कार्यकर्ता तथा स्वास्थ्यकर्मीहरुको क्षमता विकास सम्बन्धी आवश्यक तालिमको लागि सरोकारवाला निकायसँग पहल गरिनेछ ।

५. यस गाउँपालिका अन्तर्गत रहेका सबै स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिको पूर्ण अनुगमण गरी दरबन्दीमा रहेका कर्मचारीलाई अन्यत्र काजमा राख्ने नीतिलाई निरुत्साहित गरिनेछ ।

६. स्वास्थ्य क्षेत्रमा लगानी गर्न चाहने नीजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

७. यस गाउँ क्षेत्रमा सुविधासम्पन्न अस्पताल निर्माणको लागि विशेष पहल गरिनेछ ।

## लैंगिक समानता र सामाजिक समावेसीकरण सम्बन्धी नीति :

१. महिला, युवा, अपाँग तथा बालबालिका अधिकारको सुनिश्चिततताका लागि सरकारी, गैर सरकारी र नीजि क्षेत्रका सबै सरोकारबालासँग सहकार्य गरिनेछ ।

२. लक्षित वर्गहरुको क्षमता विकासको लागि आवश्यक कार्यक्रम तथा योजना बनाई कार्यान्वयन गरिनेछ ।

३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको एम.आई.एस.मा नयाँ नाम दर्ता, लगत कटा, परिचय पत्र वितरण अनलाइन मार्फत गरी सबै वडा कार्यालयले प्रत्येक चौमासिकमा आ–आफ्नो वडा कार्यालयमा सार्वजनिक गरी गाउँपालिकामा सोको विवरण पेश गर्न लगाइनेछ ।

४. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नयाँ नाम दर्ता, लगत कटा, परिचयपत्र वितरण र समयमै सामाजिक सूरक्षा भत्ता वितरण गरिनेछ ।

५. सामाजिक सुरक्षा भत्ता वितरण गर्दा आर्थिक पारदर्शितालाई अनिवार्य चुस्त, दुरुस्त गरिनेछ ।

६. बालमैत्री स्थानिय शासनको अवधारणालाई संस्थागत गर्ने नीति लिईनेछ ।

७. विभिन्न लक्षित वर्गहरुलाई क्षमता विकासको लागि लैङ्गिकउत्तरदायित्व बजेटको तर्जुमा गरि कार्यान्वयनमा ल्याइनेछ ।

८. महिला तथा बालबालिका माथि हुने विभिन्न प्रकारको घरेलू हिंसाको निवारण गरिनेछ । बालश्रम शोषण र बाल विबाहलाई पूर्ण रुपमा निरुत्साहित गर्दै साविकमा सञ्चालित बालमैत्री सुशासनको अवधारणालाई कार्यान्वयन गर्ने कार्यलाई थप कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गरिनेछ ।

९. महिला तथा बालबालिकाको लागि आर्थिक, सामाजिक लगायत अन्य शसक्तिकरण र क्षमता विकासका कामहरु गरिनेछ ।

१०. अपाँगता तथा फरक क्षमता भएका व्यक्तिहरुलाई लक्षित गरी सार्वजानिक सरोकार रहने भौतिक संरचनाहरुको निर्माण गर्दा अपाङ्गमैत्री संरचना निर्माणका लागि गाउँपालिकाबाट आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

## सरकारी तथा गैर सरकारी संघ संस्था सम्बन्धी नीति :

१. यस बरियारपट्टी गाउँपालिकाका क्षेत्रमा आफ्नो कार्यक्षेत्र बनाएका गैर सरकारी सँघ संस्थाहरुलाई कार्यक्रम सञ्चालन गर्न उक्त संघ संस्थाहरुको कार्यक्रम, बजेट, समय तालिका, कार्यक्रमको औचित्य, प्रभाव, अवसर, लाभान्वित क्षेत्र समेतको विश्लेषण र मुल्याङकन गरेर मात्र राय सहित स्वीकृति दिइनेछ साथै बरियारपट्टी गाउँपालिकाका गाउँकार्यपालिकाको कार्यालयले प्रस्तावित कार्यक्रमको क्षेत्र परिवर्तन गर्न सक्नेछ र गाउँपालिकाको कार्यालयमा एक गैरसरकारी संघ संस्था अनुगमन ईकाई गठन गरी अनुगमन कार्यलाई प्रभाकारी बनाइनेछ ।

२. यस क्षेत्रमा रहेका सरकारी निकायहरुको अनुगमन, नियमन र समन्वय कार्यलाई प्रभावकारी बनाइनेछ ।

(ग) पूर्वाधार क्षेत्र

<u>खानेपानी तथा सरसफाई , सडक तथा भौतिक योजना र पूर्वाधार विकास तथा वस्ती विकास , शहरी योजना र भवन निर्माण सम्बन्धी</u>

१. सडकलाई स्तरीय तरिकाबाट सञ्चालन गर्नका लागि स्तरोन्नति अनिवार्य रुपमा छिटो गरिनेछ ।

२. सडकलाई निरन्तर सञ्चालन गर्नका लागि पकी पूल, पानीका ढलको व्यवस्थापन गरिनेछ ।

३. सडकको आकृति विग्रने गरी मानव निर्मित समस्या खडा गर्ने कार्य पूर्ण रुपमा निरुत्साहित गर्न विनियम, कार्यविधि र निर्देशिका बनाई लागु गरिनेछ ।

४. वडास्तरका सडकहरुलाई सम्भाव्यता अध्ययन गरि सूधार गरिनेछ ।

५. वस्तीको अध्ययन गरी आवश्यकता अनुसार योजनाको प्राथमिकिकरण गरिनेछ ।

६. बरियारपट्टी गाउँपालिकाकालाई पूर्ण सरसफाई गाउँपालिका घोषणा गर्नको लागि आवश्यक सुचकांक अध्ययन गरी पूर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

७. यस बरियारपट्टी गाउँपालिकाका भरिका अतिक्रमित जग्गाहरु पूर्ण रुपले गाउँपालिकाको मातहातमा ल्याई उपयोग नभएका सार्वजनिक जग्गाहरुको सम्भाव्यता अध्ययन गरी सोही अनूरुप योजना छनौट गरी आय आर्जनमा टेवा पूरयाउने नीति अवलम्बन गरिनेछ ।

८. भू–कम्प जोखिमलाई मध्यनजर गरी नेपाल सरकार संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन, २०७२ लाई सार्वजनिक तथा नीजि भवनहरुमा अनिवार्य रुपमा लागू गरिनेछ ।

९. खाद्यान्न उत्पादन हूने स्थानहरुमा भवन निर्माण कार्यलाई निरुत्साहित गर्ने खालका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

१० बरियारपट्टी गाउँपालिकाकामा रहेका बजारोन्मुख क्षेत्रमा सहरीकरण योजना सञ्चालनमा ल्याउन आवश्यक पहल गरिनेछ ।

११. यस गाउँपालिकामा रहेका  सडक सञ्जाल, पुल पुलेसीमा पर्ने व्यक्तिगत जग्गाहरुको लगत संकल्न गरी कित्ताकाट गराउने नीति तर्जूमा र कार्यान्वयन गरिनेछ ।

१२. यस गाउँपालिकाको सबै वडाहरुमा ठुला योजनाहरु सडक, खानेपानी, सिंचाइ एवं अन्य पुर्वाधार निर्माणको DPR तयार गरी  व्यवस्थित रुपमा कार्य गरिनेछ ।

१३. बरियारपट्टी गाउँपालिकाको कार्यालय भवन निर्माणको लागि उपयुक्त जग्गा पहिचान गरी स्वामित्वमा ल्याउन आवश्यक व्यवस्था गरिनेछ ।

१४. गाउँपालिका क्षेत्रभित्रका मुख्य मुख्य सडकहरु पक्की गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१५. गाउँ क्षेत्रहरुमा सडक बतिको लाइन जडान गर्ने कार्य विधुत प्राधिकरणसँग समन्वय एवं सौर्य सडक बत्ती जडान गर्ने नीति लिइनेछ ।
१६. एतिहासिक, धार्मिक एवं साँस्कृतिक महत्वका मठमन्दिर, स्थल तथा पोखरीहरुलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गरिनेछ ।
१७. बरियारपट्टी गाउँपालिकाको केन्द्रलाई व्यवस्थित गर्न चक्रपथ निर्माणको लागि संभाव्यता अध्ययन गरिनेछ ।

## अल्पकालिन तथा दीर्घकालीन नीति , योजना र कार्यक्रम सम्बन्धी

१. पूर्वाधार सम्बन्धी योजनाहरुको अनिवार्य रुपमा सम्भाव्यता अध्ययन गरेर मात्र छनौट गरिनेछ ।

२. कुनै पनि योजना छनौट गर्दा भविष्यलाई समेत मध्यनजर गरी आयोजना छनौट गरिनेछ ।

३. भौतिक संरचना निर्माण गर्दा बालमैत्री तथा अपाङ्गमैत्री भवन निर्माण गरिनेछ ।

४. पूर्वाधार विकासको अन्तिम भूक्तानी र जाँच पास हुनू भन्दा अगाडी सामाजिक परिक्षण तथा लेखापरिक्षण गरिनेछ ।

## कृषि , सिंचाई , सहकारी र गरीबी निवारण सम्बन्धी

१. कृषि उत्पादकत्वलाई वृद्धि गरी आय आर्जनमा टेवा पूरयाउने हेतुले नगदेबालीमा तरकारी खेती गर्न प्रोत्साहन दिइनेछ ।

२. अनिवार्य रुपमा एक घर एक बगैचा तथा सामूहिक बगैंचा अनिवार्य रुपमा गरिनेछ ।

३. आवश्यकता अनुसार ठुला तथा साना सिंचाई आयोजना अध्ययन तथा कार्यान्वयन गरिनेछ ।

४. सहकारी सँस्था सम्बन्धी आवश्यक कानुन एवं मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ ।

## (घ) वातावरण तथा विपद व्यवस्थापन

### वन वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन सम्बन्धी नीतिः

१. यस गाउँ क्षेत्रभित्र रहेका खाली पर्ति जग्गाहरुको पहिचान गरी वृक्षारोपन कार्यक्रम संचालन गरिनेछ ।२. जैविक विविधता र जैविक स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभको न्यायोचित वितरण सुनिश्चित गरिनेछ ।
३. जल तथा भुमिको संरक्षणको साथै भुमिको उत्पादकत्व वृद्धि गरी कृषि उत्पादन बढाउन सहयोग पुरयाउन जलाधार क्षेत्रको एकिकृत संरक्षण तथा व्यवस्थापन गरिनेछ ।

४. यस क्षेत्रको फोहर मैला व्यवस्थापनमा निजी क्षेत्रलाइ समेत परिचालन गरी कार्य गर्ने नीति अवलम्बन गरिनेछ ।

५. जलवायु परिवर्तबाट पारिस्थिकीय प्रणली, स्थानीय जनता र जीविकोपार्जनमा पर्न सक्ने प्रभावलाई कम गर्न न्युनिकरण तथा अनुकुलनका कार्यक्रम सञ्चालन गरिनेछ ।

६. वन व्यवस्थापनलाई थप पारदर्शी, जवाफदेही, उत्तरदायि र समावेशी बनाई सक्षम बनाइनेछ ।

७.स्वच्छ तथा स्वस्थ वातावरण र जलाधार तथा वन्यजन्तुको संरक्षण व्यवस्थापन नीति कानुन तथा कार्यक्रम तर्जुमा नियम बनाईने छ ।

८.वृक्षारोपण तथा हरियाली र हरित क्षेत्रको प्रवर्द्धन गरिनेछ ।

९. हानिकारक पदार्थहरुको नियमन तथा नियन्त्रण गरिनेछ ।

१०. पानीका मुहानहरुको संरक्षण गरिनेछ ।

<u>विपद् पुर्व तयारी, विपद् पछिको व्यवस्थापन र विपद्को समयमा गर्नुपर्ने कामहरु सम्बन्धी नीति</u>

१. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्युनिकरण सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयनमा ल्याईनेछ ।

२. विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, नीजि क्षेत्रसँगको सहयोग समन्वय र सहकार्य गरिनेछ ।

३.विपद् कोषका स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन गरिनेछ ।

४. विपद् न्युनिकरण सम्बन्धी पूर्व सुचना प्रणली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिनेछ ।

५. विपद् पूर्व तयारी खोज तथा उद्धार राहत सामाग्रीको पूर्व भण्डारण वितरण र समन्वय गरिनेछ ।

६.विपद् जोखिम क्षेत्रको नक्शांकन तथा वस्तीहरुको परिचालन र स्थानान्तरण गरिनेछ ।

**(ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

<u>संगठन संरचना, दरबन्दी र कार्यविवरण तथा सुशासन र सेवा प्रवाह सम्बन्धी नीति</u>

१ सरकारी तथा गैरसरकारी संस्थाहरुको नीति, कार्यक्रम लगायतका विषयमा सुधार ल्याउन **सुचना तथा अभिलेख केन्द्र**लाई सुदृढिकरण गरिनेछ ।

२. बरियारपट्टी गाउँपालिकाकामा रहेको जनशक्तिको पहिचान गरी गैरसरकारी संस्थाहरुले कुनै पनि कार्यक्रमको लागि जनशक्ति छनौट गर्दा **समावेशिताको सिद्धान्त, सहायता मिलान** (**aid harmonization**) को सिद्धान्त अवलम्वन गर्ने नीति लिईनेछ ।

३.गाउँपालिका स्थित सार्वजनिक निकायहरुबाट सम्पादन हुने सेवा प्रवाह तथा काम कारवाहिको उचित मूल्याङ्कन गरि **पुरस्कार र दण्ड (reward and punishment)** को व्यवस्था गरिनेछ ।

४. गाउँपालिका स्तरमा **एकिकृत सेवा केन्द्र** (Integrated Service Center ) को अवधारणलाई सेवा प्रवाहमा जोड्न सकिने सम्भाव्यताको अध्ययन गरी उचित कार्यक्रम तय गरिनेछ ।

५.आगामी आ.व. देखि गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, बिषयगत/शाखा कार्यालय, गैरसरकारी कार्यालय, स्थानीय संघ संस्था समेतका गाउँपालिका क्षेत्रभित्रका कार्यालयहरुमा **सुशासन** कायम गरिनेछ ।

६. गाउँ कार्यपालिका र वडा कार्यालयहरुको दरबन्दी संरचना संघीय सरकार र प्रादेशिक सरकारसँग संगठन र विकास ( organization and Management ) सम्बन्धी आवश्यक समन्वय, परामर्श र साझेदारी गरी सोही अनुरुप पदपुर्ति, समायोजन, दरबन्दी सिर्जना, सरुवा, बढुवा तथा **वृत्ति विकास प्रणाली** ( career development system ) लाई व्यवस्थित गरिनेछ ।

७. कर्मचारीहरुलाई काम प्रति बढी जिम्मेबार बनाइ प्रोत्साहन गर्न गाउँपालिका मातहातका विधालय र स्वास्थ्य संस्थामा उत्कृष्ट काम गर्ने कर्मचारीलाई गाउँ कार्यपालिकाको निर्णय अनुसार पुरस्कृत र सम्मान गरिनेछ ।

८. गाउँपालिकाको गतिविधिलाई विधुतीय सञ्चार माध्यमबाट सार्वजनिक गर्ने नीति अनुरुप कार्यालयको अधिकारिक वेवसाइट तथा स्थानीय सञ्चार माध्यमबाट प्रशारण गरिनेछ ।

९.गाउँपालिकाद्धारा प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी, पारदर्शी एवं जनउत्तरदायि बनाउन बुलेटिन, ब्रोशर प्रकाशन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, नियमित समीक्षा गरि सुशासनको प्रत्याभुति दिइनेछ ।

१०. सेवा प्रवाहको लागि Software हरुको प्रयोगमा जोड दिइ Online सेवाको विस्तार गर्दै सेवा प्रवाहको स्तर बढाउँदै लगिनेछ ।

**(च) विकास सम्बन्धी नीति**

१. गाउँपालिकाको  क्षमता वृद्धि लगायतको कार्य प्रभावकारी गर्न, सेवा प्रवाह, कर्मचारी व्यवस्थापन लगायतका विषयलाई प्रभावकारी बनाउन आन्तरिक श्रोत वृद्धि  गर्न **कर प्रणाली** ( Tax System ) लाई फराकिलो तथा प्रभाकारी बनाइनेछ ।

२. बरियारपट्टी गाउँपालिकाका मातहतका कर्मचारी प्रशासन सम्बन्धी विनिमय, कर्मचारी कल्याण कोष, मर्मत सम्भार कोष लगायतका **विनिमय, निर्देशिका तथा कार्यविधिहरु** तय गरिनेृछ ।

३.**विधुतय शासन प्रणाली** (e-governance system ) माफर्त बरियारपट्टी गाउँपालिकाका क्षेत्रका सबै सरकारी तथा गैरसरकारी कार्यालयहरुको काम कारवाहिहरुमा प्रभावकारिता ल्याउन कर्मचारीहरुको क्षमता विकास जस्ता कार्यक्रमहरु संचालन कार्यलाई अवलम्बन गरिनेछ ।

४. **क्षमता विकास योजना** ( capacity development plan ) तय गरी गाउँपालिकाको आवश्यकता र चाहना अनुरुप अवलम्वन गरिनेछ ।

५. सामाजिक आर्थिक उधमशिलताको विकास गर्दै युवा लक्षित सेवा, सुविधा र रोजगार लगायतका अवसरहरुमा वृद्धि गर्दै पलायन हुनबाट जोगाउन विभिन्न किसिमका क्षमता विकास तथा आयआर्जनका कार्यक्रमहरु सञ्चालन गर्न रोजगार सुचना केन्द्र स्थापना सम्बन्धमा आवश्यक कदम बढाइनेछ ।

**सभाध्यक्षज्यू ,**

समग्र रुपमा यस बरियारपट्टी गाउँपालिकाका गौरवपूर्ण आयोजनाका रुपमा तपसिल बमोजिमका आयोजनाहरुको लागि रकम विनियोजन गरी बजेट कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

१.युवा लक्षित तथा महिला लक्षित विकास कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

२. यस गाउँपालिका क्षेत्रभित्रका सीप नभएकाहरुलाई सीप सिकाउन उद्यमशिलता विकास तालिम तथा व्यवस्थापन कार्यक्रम तर्फ बजेटको व्यवस्था मिलाएको छू ।

३. धार्मिक सहिष्णुतालाई आत्मसात गर्दै यस बरियारपट्टी गाउँपालिकाकाले सबै धर्म सम्प्रदायलाई महत्व दिँदै आवश्यक व्यवस्था मिलाएको छु ।

४. जनचेतना कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाएको छू ।

५. प्रत्येक क्रियाकलापलाई सुचना प्रविधि युक्त बनाउन आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

६. यस बरियारपट्टी गाउँपालिकाकालाई सफा सुग्घर बनाउन फोहरमैला व्यवस्थापन लाई प्रविधियुक्त बनाउन बजेट विनियोजन गरेको छु ।

७. खेलकुद कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छू ।

८. गाउँ स्तरीय गौरवका योजनाहरुको सम्भावयता अध्ययनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

९. यस गाउँ क्षेत्रभित्रका प्रत्येक कार्यालहरुमा इन्टरनेट विस्तारको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**उपस्थित सम्पूर्ण गाउँ सभाका सदस्यज्यूहरु**

आ.व.२०७४/०७५ मा यस गाउँपालिकाको चालु तर्फ १५१८५१८७५ (अक्षरेपी पन्द्र करोड अठार लाख एकाउन्न हजार आठ सय पचहतर) र पँजीगत तर्फ ११५६७६३०४ एघार करोड छपन्न लाख छीहतर हजार तीन सय चार ) गरि कूल बजेट जम्मा रकम २६७५२८१७९ (अक्षेपी छबीस करोड पचहतरी लाख अठाईस हजार एक सय उन्नानसी थियो ।

सभा अध्यक्ष महोदय,

अब म, यस गाउँपालिकाको आर्थिक वर्ष २०७५।०७६ को आय व्ययको विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

यस आ.व. २०७५।०७६ को लागि नेपाल सरकारबाट प्राप्त वित्तिय समानुकरण अनुदान रु. ८ करोड ६५ लाख , सर्शत अनुदान रु. ८ करोड ९२ लाख , राजश्व बाँडफाँड रु. ५ करोड ५५ लाख , प्रदेश सरकारबाट प्राप्त वित्तिय समानीकरण रु. २७ लाख , प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान रु. ५० लाख , प्रदेश सरकारबाट सवारी साधन करको बाँडफाँड बाट रु २२ लाख , आन्तरिक आय रु. १ करोड , गत आ.व.को अ. ल्या. रु. ४ करोड ७२ लाख, सडक बोर्ड नेपालको रु. १० लाख, सामाजिक सुरक्षा रु. ३ करोड ५० लाख, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम रु. ४ लाख , तराई मघेश समृद्धि सिमा कार्यक्रम रु. १ करोड १४ लाख ९० हजार गरी कुल रु. ३४ करोड ६१ लाख ९० हजार आयको अनुमान पेश गरेको छु ।

बरियारपट्टी गाउँपालिकाको कुल आय मध्ये गाउँकार्यपालिकाको प्रशासनिक र कार्यक्रम खर्च, विद्यालय र स्वास्थ्य संस्थाको प्रशासनिक र कार्यक्रम खर्च एवं सामाजिक सुरक्षा भत्ता, अन्य निकायबाट चालु प्रकृतिको वजेट गरी कुल चालु खर्च तर्फ रु. १७ करोड ८५ लाख १९ हजार र कुल अनुमानित आयबाट कुल चालु खर्च विनियोजन पश्चात बाँकी रहेको रकमबाट भौतिक पूर्वाधारको लागि बरियारपट्टी गाउँपालिकाको पाँचै वडामा पूर्वाधार बिकास लगायत अन्य कार्यमा रु. २ करोड ३४ लाख ५० हजार बाट वडा समितिले गाउँपालिकामा पठाईएको आधारमा वडा तहमै विनियोजन गर्ने व्यवस्था मिलाएको छु । वडा तहबाट प्राप्त भएका गाउँ स्तरीय योजनाहरुको लागि रु. ७ करोड ४६ लाख ७५ हजार र गाउँपालिकाको लागि हेभी इक्युपमेन्ट लगायत पूँजीगत कार्यक्रमका लागि रु. ४ करोड ३१ लाख ९० हजार, कृषि विकास कार्यक्रममा ४९ लाख ७५ हजार, पशु विकास कार्यक्रमको २० लाख, सडक बोर्डको १० लाख, तराई मधेश कार्यक्रमको १ करोड ५ लाख ५० हजार गरि पूँजिगत खर्च तर्फ रु. १६ करोड ७६ लाख ७१ हजार गरी कुल रु. ३४ करोड ६१ लाख ९० हजार व्यय अनुमान प्रस्तुत् गरेको छु ।

सभा अध्यक्ष ज्यू,

प्रस्तुत् बजेट तर्जुमा गर्न मार्ग निर्देशन गर्ने सम्पूर्ण राजनितिक दलका पदाधिकारीहरु ज्यू, निजि क्षेत्र तथा विकास साझेदार संस्थाका महानुभावहरु, वडा अध्यक्ष ज्यूहरु, गाउँकार्यपालिका सदस्य ज्यूहरु, गाउँ सभाका सदस्य ज्यूहरु, राष्ट्र सेवक कर्मचारीहरु बुद्धिजिविहरु, आदरणीय गाउँवासीहरु सबैमा धन्यवाद ज्ञापन गर्दछु ।

## धन्यवाद !!